# साकोस एकरुपता प्रणाली ( Unified SACCOS System) मा प्रयोग हुने रंगको शाब्दिक अर्थ र त्यसको स्पष्टिकरण

**साकोस एकरुपता प्रणाली :** नेपालमा वित्तीय सहकारीहरुको संख्यात्मक वृद्धि संगै यस क्षेत्रमा दिन प्रतिदिन बढ्दै गइरहेको जोखिमलाई व्यवस्थापन गर्ने उद्देश्यका साथ नेपाल वचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)ले आफ्ना सदस्य संस्थाहरुको छुट्टै पहिचान सहित व्यवस्थित एवं एकै स्वरुपमा सञ्चालन गर्नको लागि विधि, प्रविधि, नीति र कार्यनीतिमा एकरुपताका साथै दर्शनिय पहिचान (Visual Identity) मा समेत एउटै व्यवस्था कायम गर्नको लागि संघको २३ औं साधारण सभाबाट विनियममा व्यवस्था गरी कार्यान्वयनमा ल्याइएको प्रविधिलाई साकोस एकरुपता प्रणलीले प्रतिबिम्वित गर्दछ । यसले साकोसमा जोखिम आउन सक्ने सम्भाव्य क्षेत्रहरुको पूर्वानुमान गरी उक्त क्षेत्रमा सुधारका प्रयास गर्ने र हाल भइरहेका अस्वस्थ प्रतिष्पर्धालाई व्यवस्थापन गरी साकोस अभियानका माध्यमबाट स्वस्थ प्रतिष्पर्धात्मक अर्थ व्यवस्था कायम गर्न मार्ग प्रशस्त गर्दछ ।

**एकरुपता प्रणालीमा प्रयोग हुने रङ्गको मर्म :** अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA) ले सहकारी क्षेत्रका लागि निर्धारण गरेका ७ वटा छुट्टा छुट्टै रंगको मर्मलाई आत्मसाथ गर्दै नेपालको भौगोलिक परिस्थिति र चरणबद्ध विकासक्रमलाई समेत प्रतिविम्बित गर्न मुख्य दुई रंगलाई एकरुपता प्रणालीको आधिकारिक रंगको रुपमा निर्धारण गरिएको छ । यसमा प्रयोग हुने रंगले साकोस अभियानमा निम्न मर्मलाई प्रतिबिम्वित गर्दछन् :

**(क) रातो** : रातो रंगले साकोस अभियानको शक्ति, सामर्थ्य र समृद्धिलाई जनाउँनुका साथै स्थापना देखि निरन्तर आफ्नो संस्थागत सामर्थ्य वृद्धिका लागि प्रयत्नरतलाई प्रतिबिम्वित गर्दछ ।

**(ख) हरियो** : हरियो रंगले सहकारीका सदस्यको साथै आफ्ना उत्पादन र सेवाहरुको निरन्तर वृद्धि र विकासको लागि जारी संघर्षलाई जनाउँछ । यो प्रकृतिको प्रतिबिम्व एवं निरन्तर प्रगति, सौहाद्रता र शान्तिको प्रतिक हो ।

**एकरुपता प्रणालीमा प्रयोग हुने रङ्गहरुको अनुपात :** एकरुपता प्रणालीमा आबद्ध संस्थाहरुले आफ्ना सम्पूर्ण छपाईहरुमा संस्थागत रंगको प्रयोग गर्नु पर्दछ । यसरी रंगको प्रयोग गर्दा हरियो रंगको अनुपात ८० प्रतिशत र रातो रंगको अनुपात २० प्रतिशत हुने गरी गर्नु पर्दछ । संस्थाको साईन बोर्ड, पत्र ढाँचा, व्यावसायिक परिचय पत्र (Visiting Card), कार्यक्रम व्यानरहरुको ढाँचा संघले तोके बमोजिमको प्रयोग हुनेछ । भौतिक संरचनाहरुमा पहिचान खुल्ने गरी उक्त दुई रंगको प्रयोग संघले तोके बमोजिम गर्नु पर्दछ ।

रातो रंगको लागि कोड : **CMYK** (C : 00, M : 100, Y : 100, K : 00)

हरियो रंगको लागि कोड : **CMYK** (C : 100, M : 00, Y : 100, K : 00)

**अर्थ**

## RED indicates strength of Credit Union

रातो रंगले साकोस अभियानको शक्ति, सामर्थ्य र समृद्धिलाई जनाउँनुका साथै स्थापना देखि निरन्तर आफ्नो संस्थागत सामर्थ्य वृद्धिका लागि प्रयत्नरतलाई प्रतिबिम्वित गर्दछ ।

**अर्थ**

## GREEN indicates struggle for membership growth and development

हरियो रंगले सहकारीका सदस्यको साथै आफ्ना उत्पादन र सेवाहरुको निरन्तर वृद्धि र विकासको लागि जारी संघर्षलाई जनाउँछ । यो प्रकृतिको प्रतिबिम्व एवं निरन्तर प्रगति, सौहाद्रता र शान्तिको प्रतिक हो ।

**बोर्डमा प्रयोग हुने अक्षर :**

संस्थाको साईनबोर्डमा हरियो र रातो पृष्ठभूमिमा सेतो रंगको अक्षर प्रयोग गरिनेछ । यसरी प्रयोग गर्ने अक्षरमा साकोसको नाम मात्रको लागि Ganesh र अन्यको हकमा Himalb Font को प्रयोग गर्नुपर्ने छ । अंग्रेजीमा साईनबोर्ड बनाउँदा नेपाली अनुसारकै अक्षरको रंग र Name नाम लेख्न Calibri र अन्यको हकमा Arial Font प्रयोग गर्नुपर्ने छ ।

**बोर्डको साईजः**

१. सहकारी विभाग परिपत्र मार्फत : ३ x ६ फिट, सामान्य ठाँउको लागि (घ र ङ वर्गको लागि)

२. प्रस्तावित : ३.५ x ८ फिट, सामान्य ठाँउको लागि (क, ख र ग वर्गका संस्थाले प्रयोग गर्न सक्ने)

३. प्रस्तावित : ४ x १२ फिट, ठूलो ठाँउको लागि (क र ख वर्गका संस्थाले प्रयोग गर्न सक्ने)

कार्यालयमा उपलब्ध ठाँउ अनुसार १ फिटसम्म लचकता अपनाउन सकिने ।